# ......................... इन्स्योरेन्स कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय : ..................................................................

## व्यक्तिगत दुर्घटना लघु बीमा प्रस्ताव तथा बीमालेख

यस बीमालेखको अनूसुचीमा नाम उल्लिखित बीमितले ......... **इन्स्योरेन्स कम्पनी लि.** (यस पछि बीमक भनिएको) समक्ष बीमाको लागि लिखित प्रस्ताव (यस बीमालेखमा उल्लेख गरिएका शर्त, अपबाद, परिभाषा तथा अवस्था सम्मको अधिनमा रही कम्पनीले बीमितलाई देहायमा उल्लेख गरिए बमोजिमको रकम भुक्तानी दिनेछ :

यदि यस बीमालेख बहाल रहेको अवधिभर कुनै पनि समयमा बीमितलाई कुनै प्रबल, बाहिरी तथा देख्न सकिने माध्यमबाट हुनगएको दुर्घटनाको प्रत्यक्ष कारणबाट कुनै शारीरिक क्षति हुन गएमा कम्पनीले बीमित वा निजले इच्छाएको व्यक्ति वा निजको नजिकको कानुनी हकदारलाई देहाय बमोजिमको ***सुविधाहरु*** यस बीमालेखको अनुसूचीमा उल्लिखित सुविधाहरुको अधिनमा रही भुक्तानी दिनेछ :

**सुविधाहरु:**

(क) चोट पटक लागेको ३६५ दिन भित्र बीमित व्यक्तिको मृत्यु भएमा बीमाङ्क रकमको १०० % ।

(ख) दुबै आँखाको दृश्य शक्ति वा दुबै हातहरु वा दुबै खुट्टाहरुको पुर्ण र अपुरणीय क्षति भएमा बीमाङ्क रकमको १०० % ।

(ग) एउटा हात वा एउटा खुट्टा वा एउटा आँखाको दृश्य शक्तिको पुर्ण र अपुरणीय क्षति भएमा बीमाङ्क रकमको ५० % ।

(घ) स्थायी रुपमा आंशिक अशक्तता भएमा सम्वन्धित चिकित्सकले निर्धारण गरेको अशक्तताको अवस्थाको आधारमा रकम भुक्तानी गरिनेछ :

**द्रष्टव्य:** माथि उल्लेखित खण्ड (ख) र (ग) को प्रयोजनको हकमा एक हात वा खुट्टाको भौतिक बिच्छेद (Physical Separation) भन्नाले हातको हकमा नाडी वा सो भन्दा माथि र खुट्टाको हकमा गोली गाँठो (Ankle) वा सो भन्दा माथिको भागको बिच्छेद सम्झनु पर्दछ ।

(ङ) **औषधोपचार खर्च :** दुर्घटनाको कारण औषधोपचार गराउनु परेमा बीमाङ्क रकमको २५% मा नबढने गरी बास्तविक र आवश्यक रुपले भएको औषधोपचार खर्च (दुर्घटनाको कारणबाट गनूपर्ने उपचार खर्च मात्र)

**बीमितको उमेर** : १८ बर्ष देखि ६५ बर्षको
**बीमाङ्क रकम :** अधिकतम १,५०,०००।-

### अपवाद

देहायका अवस्थााहरुमा यस बीमालेख अन्तर्गत बीमा दाबी लाग्ने छैन :

(१) एक भन्दा बढी सुविधाहरुमा दावी परेको अवस्थामा बीमा दावी बीमाङ्क रकम भन्दा बढी हुने छैन

(२) जानी जानी आफै गराएको चोट, स्वघात, आत्महत्या वा आत्महत्याको प्रयास

(३) मादक पेय वा लागु पदार्थ वा लागु औषधि वा उन्मादक पदार्थ सेवनको कारणबाट हुन गएको चोटपटक वा रोग

(४) जोखिमपूर्ण खेलको कारणबाट हुन गएको चोटपटक वा रोग

(५) बीमितले अपराधिक मनसायबाट कुनै कानुन उल्लंघन गर्दा उत्पन्न भएको वा सो को परिणाम

(६) युद्ध, गृह युद्ध, सैनिक बिद्रोह, क्रान्ति, नागरिक उपद्रवको कारणबाट हुन गएको चोटपटक वा रोग

(७) प्रसुति वा गर्भधारणको कारणबाट हुनगएको मृत्यु वा अशक्तता

# अनुसूची

| | |
|---|---|
| बीमितको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>अञ्चल.......................जिल्ला......................<br>न.पा./गा.वि.स. ..................वडा नं. ............<br>टोल :......................फोन नं : .................... | बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति : |
| बीमा अवधि : मिति सम्म | बीमालेख जारी समय :<br>नगदी रसिद नं. : |
| बीमाशुल्क गणना : | |
| बीमाङ्क रकम : | रु. |
| कुल बीमाशुल्क : | रु. |
| १३% मू.अ.कर : | रु. |
| अनुदान रकम | रु. |
| टिकट दस्तुर :(रु. ) | रु. |
| बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : | रु. |
| | |
| बीमितको : | बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| मिति : | पद : |
| | मिति : |
| बीमकको छाप : | |

## दाबी सम्बन्धी प्रकिया :

बीमित आफैले वा बीमितका प्रतिनिधी वा सदस्य संस्था मार्फत देहायका कागजातहरु सहित यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधी समक्ष पेस गर्नु पर्नेछ :

१) सक्कल बीमालेख
२) पूर्ण रूपले भरिएको दाबी फाराम
३) पोष्टमार्टम रिपोर्ट
४) सम्बन्धित गा.वि.स/न. पा./वडा को सर्जमिन मुचुल्का
५) पूर्ण/आशिंक क्षती भएको प्रमाणपत्र

**द्रष्टव्यः** बीमालेख अर्न्तगत कुनै घट्ना घटेमा बीमित आफैले वा बीमितका प्रतिनिधीले यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधी समक्ष टेलिफोनबाट जानकारी गराउनुपर्छ ।